मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ८८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन १ गते शुक्रबार (Friday, 13 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## विभिन्न देश पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, माघ २९।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा भक्तपुर सूर्यविनायक नगरपालिका-९बस्ने महोत्तरी सम्सी गाउँपालिका-१ घर भएका ४१ वर्षीय जटाधर राउत, सोलुखुम्बू थुलुङ दूधकोशी गाउँपालिका-३ घर भएका काठमाडौं बुढानिलकण्ठ नगरपालिका-३ बस्ने ४१ वर्षीय ठमराज नेपाली परियार र ललितपुर

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापा-३ का उम्मेदवारको एजेण्डा कृषि, सुशासन र पूर्वाधार विकास

**सुरेन्द्र भण्डारी**

**झापा, माघ २९।** फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गतका उम्मेदवारहरूले बिहीबार एउटै मञ्चबाट आफ्ना चुनावी एजेण्डा सार्वजनिक गरेका छन् ।

मतदातासँग प्रत्यक्ष संवाद गर्दै उम्मेदवारहरूले कृषि, शिक्षा, पूर्वाधार, डुवान-कटान नियन्त्रण र सुशासनलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता जनाएका हुन् ।

झापा क्षेत्र नम्वर ३ अन्तर्गत रहेका वाह्रदशी, हल्दिवारी, भद्रपुर र कचनकवल जेसीजको संयुक्त आयोजनामा प्रतिनिधिसभा सदस्य उम्मेदवारसँग प्रत्यक्ष अन्तरसंवाद (ककस) कार्यक्रम राखिएको थियो । हल्दिवारी जेसीजको आतिथ्यमा हल्दिवारीस्थित नेपाल रेडक्रस सोसाइटीको भवनमा आयोजित कार्यक्रममा सहभागी आठ जना उम्मेद्वारले आफ्ना चुनावी एजेण्डा राखेका थिए ।

झापा क्षेत्र नम्वर ३बाट प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्रसहित १७ जना उम्मेदवार चुनावी प्रतिष्पर्धामा रहेका छन् । उनीहरुलाई जेसीजले एउटै थलोमा उभ्याउँदै आफ्ना चुनावी एजेण्डा सार्वजनिक गर्न कार्यक्रमको आयोजना गरिएको बाह्रदशी जेसीजकी अध्यक्ष सदीक्षा खड्काले बताइन् । कार्यक्रममा स्वागत हल्दिवारी जेसीजका अध्यक्ष नितेष खरेलले र आस्था



वाचन हल्दिवारी जेसीजका कार्यकारिणी उपाध्यक्ष प्रयुष पौडेलले गरेका थिए ।

कार्यक्रममा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष बिदुर थापा, जेसीज पूर्वअध्यक्ष समाज झापाका अध्यक्ष रमेश पोखरेल तथा ५३औं राष्ट्रिय महाधिवेशनका निर्देशक एवम् भद्रपुर जेसीजका पूर्व अध्यक्ष वशन्त पोखरेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । धन्यवाद ज्ञापन कचनकवल जेसीजका अध्यक्ष गोपाल घिमिरेले गरेका थिए भने कार्यक्रमको सञ्चालन भद्रपुर जेसीजका पूर्वअध्यक्ष टीकाराम पाण्डेले गरेका थिए ।

अन्तरसंवाद कार्यक्रममा नेपाली कांग्रेसका राजेन्द्रकुमार घिमिरे, नेकपा एमालेका हरिवहादुर राजवंशी, राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्र लिङ्देन, नेपाली कम्युनिष्ट पार्टीका डिल्लीराम घिमिरे, उज्यालो नेपाल पार्टीका श्यामकृष्ण पाठक, नेशनल रिपब्लिक पार्टीका जयन मगर, स्वतन्त्र उम्मेदवार अभय राजवंशी र मानप्रकाश संग्रौला सहभागी थिए ।

कार्यक्रममा बोल्दै नेकपा एमालेका उम्मेदवार राजवंशीले कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउने लक्ष्यसहित सिँचाइ सुविधा विस्तार, मलखादको सहज व्यवस्थापन र उत्पादनको बजारीकरणमा जोड दिने बताए ।

झापा-३मा धान, मकै र चिया अत्यधिक उत्पादन हुने भए पनि बजारीकरण अभाव रहेको उल्लेख गर्दै उनले त्यसको समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाए । उनले शिक्षा क्षेत्रमा कक्षा १मा भर्ना भएका विद्यार्थी कक्षा १० सम्म पुग्दा न्यून संख्यामा झर्ने समस्याप्रति चिन्ता व्यक्त गर्दै बीचमै पढाइ छाड्ने प्रवृत्ति रोक्न कार्यक्रम ल्याइने बताए ।

विरीङ र मेची नदीको तटबन्धन गरी डुवान र कटानको दीर्घकालीन समाधान खोज्ने उल्लेख गर्दै संविधानसभा सदस्य हुँदाका बेला तटबन्धनमा गरेको सहकार्यको स्मरण गराए । आदिवासी समुदायको बाहुल्य रहेको झापा-३मा लक्षित कार्यक्रम सञ्चालन गर्ने र भ्रष्टाचारबिरुद्ध शून्य सहनशीलताको नीति अपनाउने उनको भनाइ थियो ।

नेपाली कांग्रेसका उम्मेदवार घिमिरेले 'जेन-जी आन्दोलन'पछि राजनीतिक दल र उम्मेदवारहरू आत्मसमीक्षामा पुगेको बताए । उनले पुरानो प्रचार-प्रसारको शैली त्यागेर नयाँ ढंगले चुनावी अभियान अघि बढाइने बताए । कांग्रेस घोषणा पत्र होइन, 'संकल्प पत्र' लिएर जनतामाझ जाने उल्लेख गर्दै उनले बोलेको

*(बाँकी अन्तिम पृष्ठमा)*

झापा गोल्डकप

## मच्छिन्द्र सेमीफाइनलमा



**बिर्तामोड, माघ २९।** राष्ट्रिय खेलाडी सम्मिलित मच्छिन्द्र फुटबल क्लब मलेशियाको एन पेनाङ फुटबल क्लबसामु कठिन जित निकाल्दै सेमीफाइनल प्रवेश गरेको छ । मलेशियालाई २-१ गोल अन्तरले पराजित गर्दै मच्छिन्द्रले सेमीफाइनलमा त्रिभुवन आर्मी फुटबल क्लबसँगको भेट पक्का गरेको हो ।

शुरुवाती अग्रता लिएको मच्छिन्द्रले दोस्रो हाफमा भने मलेशियाको दबाबको सामना गरेको थियो । दोस्रो हाफको अधिकांश समय बल पोजिसन राखे पनि पाएका अवसरलाई सदुपयोग गर्न नसक्दा मलेशिया पहिलो खेलबाट घर फर्किएको छ ।

खेलको १९औं मिनेटमा मच्छिन्द्रले अग्रता लियो । डिबक्समा विपक्षी डिफेन्डरले क्लियर गर्न नसकेको बललाई मच्छिन्द्रका सनिश श्रेष्ठले गोलमा परिणत गरेका थिए । गोलकिपरको हातबाट फुत्किएको बलले मलेसियाका खेलाडीलाई टच हुँदै गोल भएको थियो ।

मच्छिन्द्रले दोस्रो गोल ८०औं मिनेटमा लगायो । मच्छिन्द्रका लागि बिदेशी खेलाडी जोनाथन जोरिल्लाले दोस्रो गोल गरेका थिए । मलेशियाका डिफेन्डर मार्टिन डामिलोलेको खुट्टाबाट फुत्किएको बललाई जोरिल्लाले चिप गर्दै गोल गरेका हुन् ।

मलेशियाका लागि एक मात्र गोल खेलको ६०औं मिनेटमा जोन जिडेइनाले गरे । मच्छिन्द्रका गोलकिपर विशाल श्रेष्ठको हातबाट फुत्किएको बललाई उनले गोलमा परिणत गरेका थिए ।

खेलको ३५औं मिनेटमा मच्छिन्द्रका प्रदीप बुढाथोकीले वान भर्सेस वान गोल फिनिसिङ गर्न नसक्दा गोल अन्तर बढाउने मौका गुमाएको थियो । खेलको ८८औं मिनेटमा मच्छिन्द्रका डिफेन्डर देवेन्द्र तामाङको प्रहार क्रसबारमा लागेर बाहिरिँदा गोल अन्तर तेब्बर बनाउने अवसर गुमेको थियो ।

मलेशियाका डेभिड ओलाएको प्रहार मच्छिन्द्रका गोलकिपर श्रेष्ठले रोक्दा बराबरी गोल गर्न चुकेको थियो । अतिरिक्त समयमा जोन जिडाइनाको प्रहार पोष्टमा लागेर फर्किदा मलेशिया खेलमा कम ब्याक गर्न असफल भएको थियो ।

खेलको प्लेयर अफ द म्याच बिजेता टिम मच्छिन्द्रका जोनाथन जोरिल्ला घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । शुक्रबारको पहिलो सेमीफाइन खेल आयोजकको टिम झापा-११ एफसी र सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबबीच हुनेछ ।

यसैबीच, प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ । त्यस्तै, पहिलो दिनदेखि फाइनल खेलसम्म टिकट लिएर एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ ।

# झापामा जग्गाधनी पुर्जा वितरण ठप्प

**झापा, माघ २९।** झापामा तीव्र गतिमा अघि बढिरहेको जग्गाधनी दर्ता पुर्जा वितरण प्रक्रिया भदौ २३ र २४ गते भएको 'जेन-जी आन्दोलन' पछि पूर्णतः रोकिएको छ । भूमि समस्या समाधान आयोग जिल्ला समिति झापाले सञ्चालन गर्दै आएको नाप-नक्शा तथा पूर्जा वितरणको काम आन्दोलनपछिको राजनीतिक निर्णयसँगै अवरुद्ध बनेको हो ।

सुशीला कार्की नेतृत्वको सरकारले आयोग खारेज गर्ने निर्णय गरेपछि प्रक्रिया ठप्प भएको थियो । यद्यपि सर्वोच्च अदालतले उक्त निर्णय उल्टाउँदै आयोगलाई पुनःस्थापित गरिसकेको छ, तर व्यवहारमा काम अघि बढ्न नसकेको जिल्ला समितिको भनाइ छ ।

मदन अधिकारी नेतृत्वको भूमि समस्या समाधान आयोग जिल्ला समिति झापाले यसअघि जिल्लाका विभिन्न पालिकामा नाप-नक्शा सम्पन्न गरी एक हजारभन्दा बढी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता पूर्जा वितरण गरिसकेको थियो । साथै, राष्ट्रिय भूमि आयोग र जिल्ला समितिले झापाका पालिकामार्फत ५० हजारभन्दा बढी निवेदन संकलन गरेको थियो ।

सर्वोच्च अदालतको आदेशपछि पनि सरकारले आवश्यक वातावरण नबनाउँदा काम अघि बढ्न नसकेको अध्यक्ष अधिकारीले बताए । उनका अनुसार अघिल्ला आयोग, समिति र कार्यदलबाट बाँकी रहेका कामलाई निरन्तरता दिँदै हालसम्म १५ सयभन्दा बढी निवेदनको प्रक्रिया टुंग्याएर समस्या समाधान गरिएको थियो । बाँकी कामका क्रममा ४ सयभन्दा बढी जग्गाधनीको सात दिने हकदाबी सूचना समेत प्रकाशन भइसकेको थियो ।

जेन-जी आन्दोलनअघि कनकाई नगरपालिकाका विभिन्न वडासँगै बुद्धशान्ति, अर्जुनधारा, मेचीनगर र बिर्तामोड नगरपालिकामा नाप-नक्शाको काम चलिरहेको थियो । झापा क्षेत्र नम्बर ५ अन्तर्गत दमक नगरपालिकाको वडा नम्बर १ र ८ मा नाप-नक्सा सम्पन्न भइसकेको थियो भने वडा नम्बर २, ३ र ५मा प्रक्रिया शुरु गरिएको थियो । गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिकाले समेत निवेदनको प्रक्रिया पूरा गरी जिल्ला पठाउने तयारी गरिरहेका थिए ।

आयोगले जिल्लाका १५ वटै पालिकामा अमिन र सर्वेक्षकसहित प्राविधिक टोली खटाएर काम थालेको थियो। तर भदौ २३ र २४ को घटनापछि बनेको सरकारले आयोग खारेज गरेसँगै सबै गतिविधि ठप्प भएका छन् । अदालतको आदेशपछि पनि सरकारले आवश्यक सहजीकरण नगरेको अधिकारीको गुनासो छ ।

झापामा सुकुम्बासी समस्या समाधान आयोगका तत्कालीन अध्यक्ष अर्जुन राईको

*(बाँकी अन्तिम पृष्ठमा)*

## ६० लाख डकैतीमा पूर्वहवल्दार !

**झापा, माघ २९।** काठमाडौंको कीर्तिपुरमा ६० लाख रूपैयाँ नगद लुटको प्रकरणमा प्रहरीले पूर्व हवल्दार रमेशबहादुर बुढा र अन्य एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने अर्को व्यक्ति इलाम घर भएका दीपक राई हुन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रामेश्वर कार्कीका अनुसार, लुटपाट माघ १४ गते कीर्तिपुरस्थित एबीगाडो क्याफेमा भएको थियो । आरोपीहरूले पीडितलाई 'सस्तो

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रजातन्त्रका आधारभूत पक्ष

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।


नेपाल सरकार
विज्ञापन बोर्ड


# जेन-जी बिद्रोहपछि बंगलादेशमा पहिलो मतदान

**काठमाडौं, माघ २९।** सन् २०२४को जेन-जी नेतृत्वको विद्रोहले शेख हसिनाको सरकार अपदस्थ गरेपछि बङ्गलादेशले पहिलोपटक संसदीय निर्वाचनमा मतदान गरेको छ । वर्षौंको राजनीतिक अस्थिरतापछि भएको यो चुनावलाई देशको लोकतन्त्रको महत्वपूर्ण परीक्षाका रूपमा हेरिएको छ ।

बिहीबार बिहान ढिलो शुरु भएको मतदान मध्यान्हसम्म राजधानी ढाका र अन्य शहरका केन्द्रहरूमा उत्साहजनक सहभागितासहित अघि बढेको थियो । मतदान बिहीबारभर जारी रहनेछ भने नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उनको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलोपटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । हसिना हाल भारतमा निर्वासनमा बस्दै आएकी छिन् ।

बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दावेदारका रूपमा देखिएका छन् । उनी पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुन् र १७ वर्ष लन्डनमा स्व-निर्वासनपछि गतडिसेम्बरमा स्वदेश फर्किएका थिए ।



उनले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र संघर्षरत् अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाएका छन् ।

उनलाई चुनौति दिने शक्तिका रूपमा जमात-ए-इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ । हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ । यसले विशेषगरी महिला र धार्मिक अल्पंख्यक समुदायमा चिन्ता बढाएको छ । बङ्गलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन् । जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताएका छन् ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान गराउने प्रतिबद्धता जनाएको छ । करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली संघ (इयु) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन् । तीन सय ५० सदस्यीय संसद्मा ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने ५० सिट महिलाका लागि आरक्षित छन् । सांसदहरू बहुलताका आधारमा चयन हुनेछन् र संसद्को कार्यकाल पाँच वर्षको हुनेछ । एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ ।

अघिल्ला वर्षहरूमा भएको हिंसा, अल्पसङ्ख्यक र प्रेसमाथिका आक्रमण तथा विधिको शासन कमजोर बनेको अवस्थापछि यो चुनाव हुँदैछ । सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि बङ्गलादेशको राजनीति दलगत द्वन्द्व, सैन्य कू र मत हेरफेरका आरोपले प्रभावित हुँदै आएको छ । करिब ५० लाख पहिलो पटकका मतदाता यसपटक निर्णायक बन्न सक्ने अपेक्षा गरिएको छ ।

२८ वर्षीय मतदाता इकराम उल हकले यो पहिलो पटक स्वतन्त्र रूपमा आफ्नो मत व्यक्त गर्न पाएको अनुभव रहेको बताए । हामी चुनावलाई पर्वका रूपमा मनाइरहेका छौँ- उनले भने- मलाई बङ्गलादेशमा ठूलो परिवर्तनको आशा छ ।

निर्वाचनसँगै राष्ट्रिय चार्टर अन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसङ्ग्रह पनि गरिएको छ । बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्नेछ । प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ ।

बिएनपी र जमात-ए-इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन् । तर अवामी लिग र उसका केही पूर्व सहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमतसङ्ग्रहको आलोचना पनि भइरहेको छ । यस चुनावले बङ्गलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ ।




# कांग्रेसलाई साथ दिन आम मतदातालाई आह्वान



**बिर्तामोड, माघ २९।** नेपाली कांग्रेस केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टी बदलेर देश बदल्ने अभियानमा रहेको नेपाली कांग्रेसलाई साथ दिन आम मतदातालाई आह्वान गरेका छन्।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २ निर्वाचन परिचालन समितिको आयोजनामा बिर्तामोडमा सम्पन्न विभिन्न संघसंस्थाका प्रतिनिधिहरुसँगको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै नेता शिवाकोटीले पार्टी बनाउन सबैको योगदान रहेकाले कांग्रेस एकढिक्का भएर निर्वाचनमा होमिएको बताए। नेतृत्व र नीति परिवर्तन गर्न अन्य दलहरुले नसकेको धारणा राख्दै उनले नयाँ नेतृत्व, नयाँ विचार र नीतिसहित आएका कांग्रेसका युवाहरुलाई देशको नेतृत्व गर्ने अवसर दिन मतदातासँग आग्रह गरे।

नयाँ शक्ति भनिएकाहरुसँग राजनीतिक इतिहास, भावी योजना र स्पष्ट नीति नभएकोतर्फ मतदातालाई सचेत गराउँदै उनले सामाजिक सञ्जालको सदुपयोग गरेर राजनीतिक संकटका समयमा नेतृत्व लिएर कांग्रेसले गरेका कामको प्रचार गर्न सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह पनि गरे।

नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं. २का प्रत्यक्षतर्फका उम्मेदवार सरिता प्रसाईले आफूले अहिलेसम्म प्राप्त गरेको जिम्मेवारी सफलतापूर्वक सम्हालेको इतिहास बताउँदै नीति निर्माण गर्ने थलो प्रतिनिधिसभामा पुग्ने अवसर सिर्जना गर्न सबैसँग आग्रह गरे।

नेपाली कांग्रेस झापा क्षेत्र नं. २का सभापति खगेन्द्र मैनालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् समानुपातिक उम्मेदवार उमा शिवाकोटी, नेपाली कांग्रेस कोशी प्रदेश सदस्य रञ्जिता कार्की, झापा सचिव कृष्ण हुमागाँई, ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला ढकाल पोखरेल, क्षेत्र नं. २ प्रदेशसभा 'क' का सभापति लक्ष्मीप्रसाद आचार्य, ख का सभापति किरण श्रेष्ठ, अर्जुनधारा नगर सभापति हेमराज खरेल, बिर्तामोड नगर सभापति भोजराज सिटौला र विभिन्न सामाजिक संघसंस्था एवम् जनप्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा सहजीकरण सचिव चन्द्र चुडालले गरेका थिए।

# शनिश्चरे माविको ७८औं वार्षिकोत्सव



**अर्जुनधारा, माघ २९।** झापाको अर्जुनधारा नगरपालिका-८ शनिश्चरे बजारस्थित शनिश्चरे माध्यमिक विद्यालयको ७८औं वार्षिकोत्सव बिहीबार सम्पन्न भएको छ।

विद्यालय प्राङ्गणमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बद्रीप्रसाद ओलीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन्।

सोही वार्षिकोत्सवको अवसरमा विद्यालय प्राङ्गणमा संस्थापक प्रधानाध्यापक शिवप्रसाद दाहालको अर्धकदको शालिक निर्माण गर्ने एसएलसी ब्याच-२०४७, विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गर्ने एसएलसी ब्याच-२०६९, विद्यालयले आयोजना गरेको शैक्षिक अध्ययन अवलोकन भ्रमण कार्यक्रममा सहयोग गर्ने दातृ संस्था जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह, शान्ति सामुदायिक वन उपभोक्ता समूह एवम् विभिन्न दाताहरुलाई सम्मान गरिएको थियो।

त्यसैगरी बिद्यालयमा अक्षयकोषदाताहरुबाट स्थापना गरिएको विभिन्न पुरस्कारबाट जम्मा २४ जना बिद्यार्थी पुरस्कृत भएका थिए। जस अनुसार हरिविलास वन स्मृति पुरस्कार, लोकनाथ-हेमकला वृत्ति पुरस्कार, रुद्र तोरण स्मृति पुरस्कार, खगेन्द्र-विभा वृत्ति पुरस्कार, विषजु-सेमन्ता श्रेष्ठ स्मृति पुरस्कार, दुबसु विद्या पुरस्कार-२०८१ र २०४७ ब्याच समूहबाट स्थापित मोहन जोशी स्मृति पुरस्कार र कक्षा-१२का नगर उत्कृष्ट एवम् विद्यालय उत्कृष्ट पुरस्कार वितरण गरिएको थियो।

त्यस्तै कार्यक्रममा हालै सम्पन्न भएको नगरस्तरीय १६औं राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेता खेलाडीहरुलाई नगद पुरस्कार क्रमश दुई हजार, एक हजार पाँच सय र एक हजारबाट पुरस्कृत गरिएको थियो। शनिश्चरे मावि राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा लगातार तीनपटक नगर च्याम्पियन बन्न सफल बिद्यालय हो।

यता वर्ष उत्कृष्ट शिक्षक पुरस्कारबाट चम्पा प्याकुरेललाई सम्मान-पत्र, नगद पुरस्कार, मायाको चिनोसहित दोसल्ला ओढाई पुरस्कृत गरिएको थियो। प्रधानाध्यापक बिनोदकुमार गौतमले विद्यालयको भावी रणनीतिसहित विद्यालयको विविध पक्षहरु उल्लेख भएको प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रममा विद्यार्थी एवम् शिक्षकहरुले पिटी प्रदर्शनी, राष्ट्रिय सेवा दल शनिश्चरे माध्यमिक बिद्यालयको एरोबिक्स प्रदर्शनी, गीत तथा नृत्य प्रस्तुत गरेका थिए।

विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष डिल्लीराम दाहाललगायतले मन्तव्य राखेको कार्यक्रममा अर्जुनधारा-९का वडाध्यक्ष भीष्म मिश्र, अर्जुनधारा नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियार, नगरसभा सदस्यद्वय सरु बुढाथोकी र हरिबहादुर कटुवाल, अक्षयकोषदाताहरु किरण वन, खगेन्द्र ढकाल, पुष्प ओझा, लवकुश गिरी, लोकनाथ पौडेल, चित्रकला पौडेललगायतको आतिथ्य रहेको थियो।

सहायक प्रधानाध्यापक रुद्र खतिवडाले स्वागत र शिक्षक जीवन धितालले स्वागत गीत प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन शिक्षक कपिलदेव तिम्सिनाले गरेका थिए।

# बिर्तामोड स्मार्ट लेडीले रङ्ग्यायो विद्यालय



**झापा, माघ २९।** अर्जुनधारा-५ स्थानीय श्री समाजसेवी आधारभूत विद्यालयको भवनमा रंग रोगन कार्य सम्पन्न भएको छ। लायन्स क्लब अफ बिर्तामोड स्मार्ट लेडीको पहलमा पाँचवटा कक्षा कोठामा नयाँ रङ लगाई विद्यालयलाई उपहार स्वरुप हस्तान्तरण गरिएको छ।

क्लवकी अध्यक्ष यशोदा उप्रेतीले विद्यालय भवनमा रंगरोगन गरिएको जानकारी दिइन् भने सचिव शिला भट्टराई बरालले विद्यालयमा रंगरोगनको काम सम्पन्न गरी हस्तान्तरण गरिएको बताइन्। कार्यक्रममा विद्यालयका विद्यार्थीहरूलाई ५० थान शैक्षिक सामग्रीसमेत वितरण गरिएको थियो।

कार्यक्रममा लायन्स क्लबका पीआरओ चिफ सत्यनारायण शर्मा, एमजेएफ चिफ शैलेन्द्र कुरुम्बाङ, डिस्ट्रिक्ट चिफ जीवन खड्का, रिजन चेयर पर्सन पार्वता गिरी, विद्यालयका प्रधानाध्यापक मेघप्रसाद भट्टराईसहित क्लबका अन्य कार्य समिति सदस्यहरूको उपस्थिति रहेको थियो।

विद्यालय भवन रंगीन बनाउनुका साथै विद्यार्थीहरूको सिकाइ वातावरण सुधार्न गरिएको यस पहलले स्थानीय समुदायमा सकारात्मक प्रभाव पारेको आयोजकहरूले बताएका छन्।

# शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह

**काठमाडौँ, माघ २९।** आहारविद् तथा योग प्रशिक्षक डा. राजु अधिकारीले जिब्रोको स्वादभन्दा शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह गरेका छन्।

उनले स्वादिष्ट भोजनभन्दा शरीरलाई तन्दुरुस्त बनाउने खानेकुरामा जोड दिनुमै सबैको हित रहेको बताए।

समाचार समिति राससको ६५औँ वार्षिकोत्सवका अवसरमा विहीवार राष्ट्रिय कर्मचारी संघ, राससद्वारा केन्द्रीय कार्यालयमा आयोजित 'सन्तुलित भोजन, स्वस्थ्य जीवन' विषयक कार्यक्रममा डा. अधिकारीले स्वस्थ्य रहन सन्तुलित भोजन र स्वस्थ्य जीवनशैली अपनाउनुपर्ने सल्लाह दिए।

उनले सकारात्मक भाव पैदा गर्ने खानामा सबैले जोड दिन र खानाप्रतिको दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताए। डा. अधिकारीले भने- कम्तीमा दैनिक सात हजार पाइला हिँड्न आवश्यक छ। पत्रु खाना मात्र होइन, पत्रु जीवनशैली नै त्याग्नुपर्छ। ध्यान र योग स्वस्थ्य जीवनशैलीका लागि आवश्यक छ। विषादीजन्य खानेकुराले पार्ने नकारात्मक असरबारे सबै सचेत बन्नुपर्छ। विषादि र प्रदूषणले आहारविहारमा असर पारेकाले योग, व्यायाम र सकारात्मक सोच नै स्वस्थ्यकर जीवनशैलीको मूलमन्त्र रहेकामा कार्यक्रममा चर्चा गरिएको थियो।

वार्षिकोत्सवकै अवसरमा रासस कर्मचारी युनियनले बुधबार 'सञ्चारकर्मीका लागि स्वजागरण' कार्यक्रम आयोजना गरेको थियो।

कार्यक्रममा जीवनविज्ञानका प्रशिक्षकहरू डा आरती रेग्मी र कलाकार निर्मला खड्काले स्वजागरण एवं ध्यानका विषयमा प्रस्तुतिकरण तथा अभ्यास गराएका थिए।

# 'झिँगेदाउ २' दशैंमा

ज्ञानेन्द्र देउजाको निर्देशनमा बनेको फिल्म 'झिँगेदाउ २'को सम्पूर्ण छायांकन सकिएको छ भने रिलिज दशैंमा हुने भएको छ।

कपनगढी सिनेमा र फिल्म क्रिउ नेपालको संयुक्त ब्यानरमा निर्माण भएको फिल्ममा सरोज खनाल, आर्यन सिग्देल, महेश त्रिपाठी, केकी अधिकारी, आँचल शर्मा, कुशल बिष्ट, बसुन्धरा भुषाल, चैत्यदेवी सिंह, हिँउवाला गौतम, विजय देउजा, आशा भुषाल, अभय राज बराल, आशिष पुरुष लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ। यसमा निर्देशक देउजा स्वयम्को कथा छ।

सुलभ देउजा र समीक्षा देउजा निर्माता रहेको यस फिल्ममा विष्णु घिमिरे (कल्पित)को छायांकन, परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेको पटकथा तथा संवाद, रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, रामजी लामिछानेको कोरियोग्राफी तथा अर्जुन पोखरेलको संगीत छ।

२०७९ सालमा प्रदर्शनमा आएको यस फिल्मको पहिलो भाग बक्स अफिसमा सफल भएको थियो।

# सुधार केन्द्रबाट १२ जना फरार

**धनकुटा, माघ २९।** धनकुटा-५ कर्मिटारस्थित एक सुधार केन्द्रबाट १२ जना व्यक्ति फरार भएका छन्।

स्थानीय जीवन सुधार तथा उपचार केन्द्रमा लागूऔषध तथा मादक पदार्थ सेवनको लतबाट छुटकारा दिलाउन राखिएका ३० जनामध्ये १२ जना बिहीबार बिहान भागेका हुन्।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रमुख (एसपी) सरतकुमार थापा क्षेत्रीका अनुसार उनीहरू बिहान करिब १० बजे भवनको सुरक्षा तारबेर तोडेर फरार भएका थिए। फरार भएपछि तुरुन्तै प्रहरीलाई खबर गरिएको र खोजी कार्य तीव्र बनाइएको उनले बताए।

प्रहरीले आसपासका क्षेत्र, सम्भावित मार्ग तथा आफन्तको सम्पर्कमा समेत निगरानी बढाएको जनाएको छ। फरार व्यक्तिहरूलाई यथाशीघ्र नियन्त्रणमा लिन खोजतलास जारी रहेको एसपी थापा क्षेत्रीले जानकारी दिए।


## संस्थाका सदस्यहरूलाई अनिवार्य बचत खाता सञ्चालन सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८२।११।१**

संस्थाले सहकारीको मूल्य, मान्यता एवम् मर्म अनुसार सदस्यहरूको दीर्घकालीन बचतको रूपमा अनिवार्य बचत योजना सञ्चालन गर्दै आएको सबैमा विदितै छ। यस योजनाको थप प्रभावकारिताका लागि सदस्यहरूले २०८३ असार मसान्तसम्म पनि अनिवार्य बचत योजनाअन्तर्गत खाता खोली बचत नगरेमा संस्थाले उपलब्ध गराउँदै आएका सुविधाहरू (सुत्केरी एवम् नवजात शिशु भेटघाट र उपहार प्रदान, दीर्घरोग राहत सुविधा, सदस्य मृत्यु राहत सुविधा, शुद्धयाँई खर्च सुविधा, प्राकृतिक प्रकोप राहत सुविधा लगायत) २०८३ साउनदेखि प्राप्त नहुने व्यहोरा यसै सूचनाद्वारा सम्पूर्ण सदस्यहरूमा सूचित गरिन्छ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.
NMC COOP
मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश


## झापा ३का ...

कुरा गरेर देखाउने प्रतिबद्धता जनाए। राज्यलाई कर तिर्न चाहँदा पनि नसक्ने अवस्थाको अन्त्य गरिने, संविधानले दिएको अधिकार व्यवहारमा लागू गरिने र हरेक महिना नयाँ योजना सार्वजनिक गर्दै तत्काल कार्यान्वयनमा जाने कांग्रेसको नीति रहेको उनको भनाइ थियो। राणाकालमा अधिकार स्थापित गराएको, द्वन्द्व समाधान गरी देशलाई वर्तमान अवस्थामा ल्याउन भूमिका खेलेको कांग्रेस जनताको पक्षमा सधैं उभिने उनले दाबी गरे।

यता राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार राजेन्द्र लिङ्देनले झापा-३ विकासको दृष्टिले पछाडि परेको क्षेत्र भए पनि पछिल्ला वर्षमा उल्लेखनीय परिवर्तन आएको बताए। गाउँ-गाउँमा सडकसहितका पूर्वाधार बने पनि अझै अपूरा रहेकाले तिनलाई पूर्णता दिने उनको भनाइ थियो। उनी यही क्षेत्रबाट दुईपटक निर्वाचित प्रतिनिधिसभा सदस्य हुँदै उपप्रधानमन्त्रीसम्म बनेका थिए।

झापा जिल्लाको 'कर्णाली' भनेर चिनिने यो क्षेत्रले विकासमा फड्को मारेको उल्लेख गर्दै उनले मेची र बिरीङ नदीका कारण सामान्य बाढीमै त्रासमा बस्नुपर्ने अवस्थाको अन्त्य भएको दाबी गरे। कालोपत्रे सडक, सिँचाइ विस्तार, पाँच दर्जनभन्दा बढी डिप बोरिङ जडान र विद्युतीकरणमा आएको सुधारले क्षेत्रको मुहार फेरिएको उनको भनाइ थियो।

कार्यक्रममा उम्मेदवारहरूले लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउँदै मतदातालाई सचेत र जिम्मेवार बनाउने उद्देश्यले यस्ता अन्तरसंवाद कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरेका थिए।

कार्यक्रममा भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल, हल्दिवारी गाउँपालिकाका अध्यक्ष रवीन्द्र लिङ्देन, नेपाली कांग्रेस झापाका सचिव नवीन बिमली लगायत सहभागी थिए। कार्यक्रममा सहभागी अन्य उम्मेदवारले समेत आ-आफ्ना चुनावी एजेण्डा प्रस्तुत गरेका थिए।

## ६० लाख ...

मूल्यमा बिलसहितको सुन दिने' प्रलोभनमा बोलाएर ८-९ जनाको समूहले नगद ६० लाख रूपैयाँ लुटेका थिए।

यसअघि विमानस्थल सुरक्षा कार्यालयमा कार्यरत हवल्दार कर्णबहादुर सुनुवारसहित चार जनालाई पनि पक्राउ गरिएको थियो। पक्राउ परेकामा काभ्रेको रोशी गाउँपालिका घर भएका दीपक आले मगर, रसुवा घर भएका विक्रम तामाङ र नुवाकोटको ककनी गाउँपालिका घर भएका जीवन तामाङ रहेका छन्।

अनुसन्धानमा संलग्न एक अधिकारीका अनुसार, लुटको योजना पूर्व हवल्दार बुढाले बनाएका थिए। बुढा यसअघि लागूऔषध मुद्दामा १० वर्ष जेल भुक्तान गरी निस्केका थिए। उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ परेका आरोपीहरूलाई थप अनुसन्धानका लागि प्रहरी वृत्त कालिमाटी काठमाडौं पठाएको जनाएको छ।

## झापामा ...

नेतृत्वमा करिब १० हजारभन्दा बढीलाई जग्गाधनी दर्ता पूर्जा वितरण गरिएको थियो। त्यसपछि बनेका विभिन्न आयोगमार्फत थप पाँच हजारभन्दा बढीले पूर्जा पाइसकेका छन्।

भूमि समस्या समाधानको प्रयास २०५१ सालको निर्वाचनपछि मनमोहन अधिकारी नेतृत्वको सरकारले विधि निर्माणसँगै शुरु गरेका थिए। ऋषिराम लम्साली अध्यक्ष रहेको सुकुम्बासी समस्या समाधान आयोगले देशभर संरचना खडा गरेपछि निरन्तर रूपमा विभिन्न सरकारले आयोगमार्फत भूमि समस्या समाधानको प्रयास गर्दै आएका छन्। तर, पछिल्लो घटनाक्रमले झापामा यो प्रक्रिया पुनः अनिश्चित बनेको छ।

## विभिन्न ...

महालक्ष्मी नगरपालिका-१ बस्ने ३९ वर्षीय रामकुमार राई रहेका छन्।

पक्राउ मध्ये जटाधरले बेलायत र रोमानिया पठाइदिन्छु भन्दै पाँच जनाबाट ८० लाख रूपैयाँ तथा ठमराज र रामकुमारले युएई पठाइदिन्छु भन्दै एक जनाबाट २ लाख ८० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। जटाधरलाई भक्तपुर सूर्यबिनायक नगरपालिका-२ बाट, ठमराजलाई काठमाडौं महानगरपालिका-१२ बाट र रामकुमारलाई ललितपुर महालक्ष्मी नगरपालिका-३ बाट पक्राउ गरेको प्रहरीले जनाएको छ।





### हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनका लागि
## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/०१

कोशी प्रदेश, झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २मा हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ |
| प्रस्तावको व्यहोरा | हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनको लागि |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २ |
| जग्गाको कित्ता नं. | कनकाई-२ को कित्ता नं. २७४५, २९७६, २८७०, ३०२७, २२४९, २२६१, २४०५, २८९२, ३११७, ३२२९ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बीच के-कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

१) श्री कनकाई नगरपालिका, २ नं. वडा कार्यालय फोन नं. ९८०६०२१६९८
२) श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, इमेल : info@tourismdepartment.go.np
३) श्री हयाप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ फोन नं. ९८२४०७९६८७
४) श्री ग्रीनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इञ्जिनियरिङ प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं फोन नं. ९८४६४०४११८, इमेलः geec.nepal@gmail.com

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा
प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com


## मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

## घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री रीता दर्जी ठटालले निजको नाममा दर्ता रहेको साविक मेचीनगर-१० हाल मेचीनगर-६ स्थित रमाइलो टोल कच्ची मार्गमा पर्ने कि.नं. ४०८७, क्षेत्रफल ०-०-१४ जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री सपना चेम्जोङ/ कान्छीमाया विश्वकर्मा मिति २०८२/१०/१८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेचीनगर-१० हाल मेचीनगर-६ कि.नं. ४०८७ क्षेत्रफल ०-०-१४ | लम्बाई १०५०० मिटर चौडाई ८०५० मिटर उचाई ५८६५ मिटर क्षेत्रफल १०६.३५ मिटर | पूर्व श्री सपना चेम्जोङ/कान्छीमाया विश्वकर्मा पश्चिम श्री ऐन कुमार उत्तर श्री बाटो दक्षिण श्री कान्छीमाया विश्वकर्मा |

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## प्रविधि र पद्धतिको साटासाट होस्

**झापाको बिर्तामोड पूर्वी नेपालको स्वास्थ्य सेवाको मुख्य गन्तव्य बन्दै गएको छ । निजी क्षेत्रका उद्यमीहरुको अग्रसरता र सेवाले झापा मात्र होइन पूर्वी पहाडी जिल्लाहरु र अझ भारतकै सेवाग्राहीहरु समेतलाई आकर्षित गरेको छ । त्यसो त बिर्तामोड झापाको नयाँ मध्येको एक शहर उन्मुख क्षेत्र हो । तत्कालीन अनारमनीको नाम बदलेर अहिले बिर्तामोडका नाममा परिचय बनाएको बिर्तामोड स्वास्थ्यभन्दा अघि शिक्षाको हब बनिएको थियो । प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मको अध्ययन–अध्यापन हुने बिर्तामोडमा पछिल्लो समय खुलेका निजी तथा सामुदायिक अस्पतालले विशेषज्ञ सेवा प्रदान गरेर देशलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको पहुँच सुलभ र सरल बनाएको छ ।**

**झापाको बिर्तामोडलाई केन्द्र बनाएर यहाँ कार्यरत चिकित्सकहरु र नेपाल अर्थोपेडिक एशोसिएशनको ३१औं वार्षिक साधारणसभा सञ्चालन भएको छ । बिहीबार बिर्तामोडका तीनवटा अस्पतालमा प्रिकन्फरेन्स वर्कसप र फागनु १, २, ३ गते अन्तर्राष्ट्रिय सेमिनार गरिने आयोजक समितिले जनाएको छ । देश–विदेशका गरी पाँच सयभन्दा बढी हाडजोर्नी विशेषज्ञहरुको सहभागिता रहने आयोजक समितिका अध्यक्ष डा. लक्ष्मी मैनालीले बताएका छन् । अर्थोकन महाकुम्भ मानिएको अर्थोकन सेम्मलनमा भारत, भुटान, बंगलादेश, अमेरिका, बेलायत, चीन, हङकङ, थाइलेण्ड, इन्डोनेसियाका हाडजोर्नी विशेषज्ञहरुको समेत सहभागिता हुने कारणले यसलाई हाडजोर्नी उपचारको महाकुम्भ भनिएको छ ।**

**विगतमा उपचारका लागि भारतको शिलगढी पुग्नै पर्ने झापालीको बाध्यता थियो । तर, अहिले चिकित्सा शिक्षा समेतको पढाइ हुने बीएण्डसी मेडिकल कलेज लगायत पूर्वाञ्चल क्यान्सर अस्पताल, पूर्ण–टुङ्ग बिर्तासिटी अस्पताल जस्ता विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरु सञ्चालनमा छन् । त्यस्तै आँखा, दाँत लगायत हाडजोर्नीको विशेषज्ञ र विशिष्ट सेवा दिने अस्पताल पनि बिर्तामोडमै छन् जसले विदेशी सेवाग्राहीलाई समेत सेवा दिइरहेका छन् । यहाँका अस्पतालहरुमा बढ्दो बिरामीको चापले स्वास्थ्य सेवाको विश्वसनीयताको चित्र देखाएको छ ।**

**स्वास्थ्य सेवाको विकासको क्रममा प्रारम्भ भएको अन्तर्राष्ट्रिय स्तरको अर्थोकन सम्मेलनले सेवा, विज्ञता, कुशलता र प्रविधि सम्बन्धी अनुभव आदान–प्रदान गर्नेछ । हाडजोर्नी उपचारका क्षेत्रमा आएका नवीनतम् प्रविधि र उपचार पद्धतिको साटासाटले हाडजोर्नी सम्बन्धी उपचारमा नयाँ आयाम थपिने अपेक्षा गर्न सकिन्छ । यस्तो सम्मेलनले स्वास्थ्य पर्यटनको गन्तव्य बनाउन समेत मद्दत पुग्ने आयोजकको विश्वास छ । यस्तो सम्मेलनबाट बिर्तामोड र झापा जिल्ला दक्षिण एशियाकै महत्त्वपूर्ण स्वास्थ्य केन्द्र बन्न सक्नेछ । यो सम्मेलनको पूर्ण सफलताको कामनासहित गुणस्तरीय र विश्वसनीय सेवाको अपेक्षा गर्दछौं ।**

# नवीन चुनौतीबीचको निर्वाचन र पत्रकारिता



**बिपुल पोखेल**

आवधिक निर्वाचनले नै लोकतन्त्रलाई प्राण थप्न सक्दछ। निर्वाचन केवल अङ्कगणितको खेल होइन, यो त नागरिकले आफ्नो सार्वभौमसत्ताको प्रयोग गर्ने र आफ्ना प्रतिनिधि चुन्ने एउटा अवसर हो। चुनावलाई अङ्कगणितको खेलमा सीमित राख्ने र सत्तामा जाने सिँढी मात्र सम्झने हो भने त्यो जीवन्त लोकतन्त्र हुन सक्दैन, त्यसलाई प्राविधिक लोकतन्त्रको नाम मात्र दिन सकिन्छ। यद्यपि निर्वाचनको प्रक्रिया हेर्ने हो भने मत हाल्ने, धेरै संख्याले जित्नेलाई सत्तामा पुर्‍याउने मात्र ठान्न सकिएला। तर, यसलाई जीवन्त बनाउन र प्राविधिक लोकतन्त्र हुन नदिनका लागि पत्रकारिताको महत्त्वपूर्ण भूमिका रहन्छ निर्वाचनको सफलता केवल राजनीतिक दलहरूको सक्रियता वा निर्वाचन आयोगको तयारीमा मात्र निर्भर हुँदैन।


निर्वाचनलाई कति स्वच्छ, निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउने भन्ने कुरामा राज्यको चौथो अङ्ग अर्थात् पत्रकारिताको भूमिका अत्यन्तै निर्णायक र अपरिहार्य हुन्छ। आजको सूचना प्रविधिको युगमा मतदाताको अभिमत निर्माण गर्न मिडियाले सबैभन्दा शक्तिशाली भूमिका खेल्छ। सही सूचनाले सही नेतृत्व चयनमा मद्दत गर्छ भने गलत सूचनाले लोकतन्त्रकै भविष्यलाई अन्धकारमा धकेल्न सक्छ। तसर्थ, निर्वाचनको समयमा पत्रकारिताको जिम्मेवारी अरू बेलाभन्दा कैयौं गुणा बढ्छ। यो समय भनेको मिडियाको विश्वसनीयताको अग्नि परीक्षाको समय पनि हो।

आसन्न निर्वाचनको सङ्घारमा सामाजिक सञ्जाल एउटा गम्भीर चुनौतीका रुपमा खडा भएको छ। कुनै पनि सम्पादकीय प्रक्रिया र जवाफदेहिता बिना सामाजिक सञ्जालमा पोखिने व्यक्तिगत धारणाहरूलाई नै नागरिकले आधिकारिक सूचना मान्ने खतरा ह्वात्तै बढेको छ। सामाजिक सञ्जालको यो 'हा हा हो हो' र असन्तुलित बाढीले जनमतलाई दिग्भ्रमित पार्ने जोखिम उच्च छ। यो भन्दा अघिल्ला चुनावहरुमा पनि सामाजिक सञ्जालहरुको अभ्यास गरिएको भएता पनि त्यो बेला यतिको प्रभावकारी मानिँदैनथ्यो।

इन्टरनेटमा पहुँचको वृद्धि र मोबाइल प्रयोगकर्ताको संख्यामा आएको अप्रत्याशित वृद्धिले अब यो सुविधा एउटा चुनौती बन्न पुगेको छ। बौद्धिक कृत्रिमता (एआई)को प्रयोगले 'फेक' सामग्री बनाई सम्प्रेषण गर्ने अभ्यास त यो चुनावमा मात्रै देखिँदैछ। त्यसकारण अघिल्ला चुनाव र यो चुनावका बीचमा चुनौतीका दृष्टिले धेरै भिन्नता देखिएको छ। सरोकारवालाहरुले यो कुरामा समयमै ध्यान पुर्‍याउन आवश्यक देखिन्छ। एआई अहिले नवीन चुनौती बनेको तथ्यमा उभिएर नै आगामी रणनीति बनाउन सरोकारवालाहरु गम्भीर हुन आवश्यक छ।

इन्टरनेटको पहुँचमा भएको वृद्धिसँगै उपस्थित यो खतरालाई चिर्ने एक सशक्त माध्यम मूलधारको पत्रकारिता हो। मूलधारको पत्रकारिता भनेको केवल सूचना प्रवाह होइन, यो त निश्चित सम्पादकीय नीति, तथ्यको परीक्षण र जवाफदेहिताको कसीमा खारिएको सामग्रीको उत्पादन र प्रवाह हो। यतिबेला पत्रकारितासामु ठूलो चुनौती छ- नागरिकलाई सामाजिक सञ्जालको 'अल्गोरिदम' निर्देशित भ्रामक जालोबाट बाहिर निकाल्नु। भीडको हल्लाबाट जोगाएर सही, सत्य र विश्वसनीय समाचार प्राप्तिमा नागरिकको पहुँच सुनिश्चित गर्ने यो अग्निपरीक्षामा मूलधारको पत्रकारिता सफल हुनै पर्ने दबाब सिर्जना भएको छ।

> जिम्मेवार विश्लेषण नै विश्वसनीय पत्रकारिताको आधारस्तम्भ हो भन्ने मान्यतालाई कहिल्यै भुल्नु हुँदैन । मूलधारको पत्रकारिताले जतिसुकै परिश्रम गरेर उत्कृष्ट एवम् तथ्यपरक सामग्री तयार पारे पनि यदि पाठक वर्ग त्यसतर्फ आकर्षित भएनन् भने त्यसको अपेक्षित परिणाम हासिल हुन सक्दैन ।




जिम्मेवार पत्रकारिताको पहिलो र आधारभूत सर्त के हो भने मिडियाले आफ्नो वास्तविक परिचय कहिल्यै भुल्नु हुँदैन। मिडिया सत्ताको भजनमण्डली वा कुनै अमुक राजनीतिक दलको अघोषित प्रवक्ता होइन, र हुनु पनि हुँदैन। लोकतान्त्रिक व्यवस्थामा मिडियाको एकमात्र बफादारी नागरिकप्रति हुनुपर्छ। यो नागरिकको 'सूचना पाउने संवैधानिक हक'को सच्चा संरक्षक हो। निर्वाचनको बेला दलहरूले आफ्ना 'एजेन्डा' स्थापित गर्न मिडियालाई प्रयोग गर्न खोज्नु नौलो कुरा होइन, तर ती दबाब र प्रलोभनबाट मुक्त रही स्वतन्त्र अस्तित्व जोगाइराख्नु नै असली पत्रकारिता हो।

यदि कुनै सञ्चारमाध्यमले समाचारलाई तोडमरोड गरेर, कुनै एक पक्षलाई मात्र काखी च्यापेर वा विपक्षलाई निरन्तर प्रहार गरेर सामग्री पस्कन्छ भने त्यो पत्रकारिता रहँदैन, त्यो त 'प्रोपोगान्डा' मात्र बन्छ। पक्षपातपूर्ण प्रस्तुतिले समाजमा ध्रुवीकरण बढाउँछ र मतदातालाई दिग्भ्रमित तुल्याउँछ। निर्वाचनको संवेदनशील घडीमा अपुष्ट समाचार सम्प्रेषण गर्नु भनेको आगोसँग खेल्नु जस्तै हो। हतारमा 'ब्रेकिङ न्युज' दिने होडबाजी वा बढी 'भ्युज' बटुल्ने लोभमा राखिने सनसनी खालका शीर्षकहरूले क्षणिक चर्चा त देलान् तर दीर्घकालमा यसले मिडिया स्वयम्को विश्वसनीयता गुम्छ र प्रकारान्तरले लोकतन्त्रको जगलाई नै कमजोर बनाउँछ।

त्यसो भए निर्वाचनमा मिडियाको धर्म के हो त ? यसको सिधा उत्तर हो- तथ्यमा आधारित सत्य सूचनाको प्रवाह। विचार र समाचारलाई अलग-अलग राखेर प्रस्तुत गर्नु व्यावसायिक धर्म हो। निर्वाचनका बेला अनेकौं हल्ला, आरोप-प्रत्यारोप र भ्रामक सूचनाहरूको बाढी आउँछ। यस्तो बेलामा मिडियाले 'फिल्टर'को काम गर्नुपर्छ। तथ्य जाँच (फ्याक्ट चेक) नगरी कुनै पनि कुरा बाहिर ल्याउनु हुँदैन। यसका साथै, लोकतन्त्रमा सबैको आवाजको कदर हुनुपर्छ। निर्वाचनमा ठूला र साना, सत्ता पक्ष र प्रतिपक्ष, स्रोतसाधनले सम्पन्न र विपन्न सबैखाले दल तथा उम्मेदवार मैदानमा हुन्छन्। मिडियाले पहुँच र शक्तिका आधारमा मात्र स्थान दिने हो भने त्यो न्यायोचित हुँदैन। सबै पक्षलाई आफ्ना एजेन्डाहरू जनता समक्ष राख्न समान अवसर प्रदान गर्नु मिडियाको नैतिक दायित्व हो। समावेशी र बहुलवादी समाजमा सीमान्तकृत समुदायका मुद्दाहरू, महिला उम्मेदवारका आवाजहरू र वैकल्पिक विचारहरूलाई पनि मूलधारको मिडियाले स्थान दिनुपर्छ।

पत्रकारिता भनेको केवल 'कसले के भन्यो' वा 'कसको सभामा कति मान्छे आए' भनेर टिपोट गर्नु मात्र होइन। जिम्मेवार पत्रकारिताले सतहभन्दा गहिराइमा पुगेर विश्लेषण गर्न सक्नुपर्छ। दलहरूका घोषणापत्रहरूको तुलनात्मक अध्ययन, उम्मेदवारहरूको विगतको पृष्ठभूमि र उनीहरूका बाचाहरूको यथार्थपरक विश्लेषणले मात्र मतदातालाई सही निर्णय लिन मद्दत गर्छ। तर, यस्तो विश्लेषण पनि आग्रह/पूर्वाग्रहबाट मुक्त र तथ्यमा आधारित हुनुपर्छ। जिम्मेवार विश्लेषण नै विश्वसनीय पत्रकारिताको आधारस्तम्भ हो भन्ने मान्यतालाई कहिल्यै भुल्नु हुँदैन। मूलधारको पत्रकारिताले जतिसुकै परिश्रम गरेर उत्कृष्ट एवम् तथ्यपरक सामग्री तयार पारे पनि यदि पाठक वर्ग त्यसतर्फ आकर्षित भएनन् भने त्यसको अपेक्षित परिणाम हासिल हुन सक्दैन। सामग्री राम्रो हुनु मात्र पर्याप्त छैन, त्यो लक्षित वर्गसम्म पुग्नु र विश्वसनीय ठानिनु पनि उत्तिकै महत्त्वपूर्ण छ।

आजको 'डिजिटल' युगमा नागरिकलाई सामाजिक सञ्जालको भ्रामक अल्गोरिदमको जालोबाट जोगाउनु ठूलो चुनौती बनेको छ। यो चुनौतीको सामना गर्न राजनीतिक दलहरू र निर्वाचन आयोगले आफ्नो दायित्व गम्भीरतापूर्वक निर्वाह गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ। यी जिम्मेवार निकायहरूले आम मतदातालाई सामाजिक सञ्जालमा आउने व्यक्तिगत धारणा र अपुष्ट सूचनाका आधारमा आफ्नो मत नबनाउन निरन्तर सचेत गराउनुपर्छ। उनीहरूले नागरिकलाई सम्पादकीय प्रक्रिया पूरा गरेका र जवाफदेहिता बहन गर्ने मूलधारका समाचार माध्यमतर्फ ध्यान केन्द्रित गरेर मात्र धारणा बनाउन सूचित तथा प्रेरित गरिरहनुपर्छ।

यसो गर्न सकिएमा मतदाताहरू गलत सूचनाका आधारमा निर्णय लिने जोखिमबाट जोगिने छन्। दल र आयोगको यो सक्रियताले निर्वाचनलाई स्वच्छ बनाउन मात्र होइन, समाजमा मिडिया साक्षरता अभिवृद्धिका सन्दर्भमा पनि महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ। निर्वाचन लोकतन्त्रको परीक्षा हो भने यो समय पत्रकारिताको पनि परीक्षा हो। स्वच्छ निर्वाचन र जिम्मेवार मिडिया एकअर्काका पूरक हुन्। यदि मिडियाले आफ्नो धर्म इमान्दारीपूर्वक निभाउने हो भने मात्र लोकतन्त्रको यो उत्सव सार्थक र परिणाममुखी बन्न सक्छ।

*(लेखक नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष हुन् ।)*

## स्वास्थ्य बिमा : उपचार सेवा यथावत्

**झापा, माघ २९।** स्वास्थ्य बिमा बोर्डले बीमितले पाउँदै आएको रु. एक लाखको उपचार सेवासुविधा नघटाइएको स्पष्ट पारेको छ।

बिमा गरेबापतको रु. एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिए। उनले बीमा कार्यक्रम अन्तर्गत रु. तीन हजार पाँच सय बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु. एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताए। बोर्डले रु.२५ हजार ओपिडी सेवा र रु.७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताए।




स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत पाँच जना परिवारसम्मका लागि रु. तीन हजार पाँच सय बराबरको योगदानका आधारमा रु. एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ। त्यस्तै थप प्रति सदस्य रु. सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रति सदस्य रु. २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ।

बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ। सूचना अधिकारी मल्लले भने- 'पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु दुई हजार पाँच सय बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ। पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु. पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ।'

हाल स्वास्थ्य बिमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ। यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बिमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन्।

बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बिमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपिडी, अस्पताल भर्ना र शल्यक्रिया जस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गरे।

## लागूऔषधसहित चार जना पक्राउ

**गौरीगञ्ज, माघ २९।** गौरीगञ्ज गाउँपालिका-२ बाहुन टोलबाट लागूऔषधसहित चार जना पक्राउ परेका छन्।

पूर्व आपगाछीबाट पश्चिम बाहुनटोलतर्फ आउँदै गरेको मे १ ह ५६६७ नम्बरको ओटो (टेम्पु) लाई गोप्य सुचनाको आधारमा इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको टोलीले चेकजाँच गरेका थियो।

प्रहरीले अटो चालक शिवसताक्षी नगरपालिका-२ मनोहरा घर भई हाल दमक-८ एभरेष्ट बोर्डिङ स्कूल बस्ने अन्दाजी ३४ बर्षीय दिलकुमार विश्वकर्मासहित चार जनालाई नियन्त्रणमा लिएको हो।

त्यसैगरी पक्राउ पर्नेमा गौरादह नगरपालिका-८ भुडेसिम्बलका अन्दाजी २७ बर्षीय अमन ताजपुरिया, सुनसरीको धरान उपमहानरपालिका-१६ जोरसखुवा लिगामेन्ट स्कूल पछाडी घर भई हाल दमक-८ पशुहाट बस्ने अन्दाजी १९ बर्षीया दिपा परियार र मोरङको वेलबारी नगरपालिका-९ बेलचौरी घर भई हाल दमक-८ पशुहाट बस्ने अन्दाजी १९ बर्षीया पार्वती चौधरी छन्।

प्रहरीले चेकजाँच गर्दा उक्त अटोको खुट्टा राख्ने म्याट मुनी लुकाई-छिपाई राखेको अवस्थामा प्लाष्टिक बाहेक छ ग्राम नौ मिलिग्राम ब्राउनसुगर जस्तो देखिने लिसाइलो पदार्थ फेला परेपछि चारै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौरीगञ्जमा ल्याएर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय छ, दाम्पत्य जीवन शुखी रहनाले उत्साह बढ्ने छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** आज काम बन्ने योग छ, बोल्दा विचार पुर्‍याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाईको समय उत्तमसिद्धी रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्छ, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्च हुनसक्छ सचेत रहनुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** बोलिमा विचार पुर्‍याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** दिन मध्यम रहेको छ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मध्यान्नपछि मावली पक्षबाट शुभ समाचार आउनाले मन आनन्दीत हुने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानाले मन प्रसन्न रहला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, तर परिवारजन बिमुख हुनेछन्।



गिरिबन्धु बसपार्क ५१ विगाह जग्गा प्रकरण

# माग सम्बोधन नभए मन्त्रालयमै आमरण अनसन बस्ने चेतावनी

**बिर्तामोड, माघ २९।** अर्जुनधारा नगरपालिका-११ मा रहेको ५१ विगाह जग्गा दुई वर्षदेखि रोक्का हुँदा उत्पन्न समस्या समाधानका लागि पीडित पक्षले पुनः केन्द्रीय तहको ध्यानाकर्षण गराएको छ ।

५१ विगाह जमिन सङ्घर्ष समन्वय समितिका संयोजक सुजन शिवाकोटीसहितका पदाधिकारीले गृहमन्त्री ओमप्रकाश अर्याल र भूमिसुधार मन्त्री डा.कुमार इङ्नामलाई मन्त्रालयमै पुगेर ध्यानाकर्षण पत्र बुझाएका छन् । सिंहदरबार पुगेको टोलीले गृहमन्त्री अर्याल र भूमिसुधार मन्त्री डा.इङ्नामलाई भेटेर समस्या अवगत गराइएको समितिले जनाएको छ ।

त्यस्तै प्रधानमन्त्रीका स्वकीय सचिव आदर्श श्रेष्ठ, भूमिसुधार मन्त्रालयका सचिव मदन भुजेल, सहसचिवद्वय ध्रुव घिमिरे र गोविन्द रिजाल तथा प्रशासन तर्फका नरेन्द्र पौडेलसँग समेत भेटघाट गरी स्थानीय अवस्था र पीडितको समस्या विस्तृत रूपमा राखिएको समितिका संयोजक सिवाकोटीले बताए ।

पछिल्लो १२ दिनदेखि विभिन्न मन्त्रालय अगाडि शान्तिपूर्ण विरोध कार्यक्रम गर्दै आएको भए पनि ठोस निर्णय नआएकाले पुनः मन्त्रीस्तरमा ध्यानाकर्षण गराउनु परेको उनको भनाइ छ । 'हामीले समस्या समाधानका सबै संवैधानिक र शान्तिपूर्ण बाटो अपनायौं । तर, आज हुन्छ भोलि हुन्छ भन्ने आश्वासन बाहेक केही भएन' -संयोजक शिवाकोटीले भने- 'यो हाम्रो अन्तिम प्रयास हो हाम्रो माग राज्यले सुनेन भने मन्त्रालयमै हामी पीडित आमरण अनसन बस्नेछौं ।'

'बसपार्क समन्वय समिति बिर्तामोड-अर्जुनधारा'का संयोजक सिवाकोटी, सचिव हरि भण्डारी, सह-सचिव शिव पौडेल, सह-कोषाध्यक्ष भवानी कार्की, प्रवक्ता गंगा मैनाली, कार्यालय सचिव सुदिप दंगाल, यातायात राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला, समन्वयकर्ता रिसव निरौला सिंगदरवारमा छन् ।

दुई वर्षअघि मालपोत कार्यालय झापाले ५१ विगाह क्षेत्रभित्रका जग्गा कारोबार रोक्का गरेपछि सयौं परिवार



प्रभावित बनेका छन् । त्यसयता पीडितहरूले 'बसपार्क समन्वय समिति बिर्तामोड-अर्जुनधारा' गठन गरी स्थानीय सरकारदेखि केन्द्र सरकारसम्म धाइरहेका छन् । स्थानीय तह, राजनीतिक दलका जिल्ला र केन्द्रीय नेताहरू, सिंहदरबारका मन्त्रीहरूसम्म पुगे पनि समस्या यथावत् छ ।

समन्वय समितिका अध्यक्ष शिवाकोटीका अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना, नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा र राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन लगायतलाई भेटेर गुहार माग्दा पनि जग्गा रोक्काको ठोस कारण र फुकुवाको मिति दुबै नपाइएको गुनासो छ । आश्वासनले मात्र समस्या समाधान नहुने निष्कर्षमा पुगेका उनीहरुले झापामा संघर्षका कार्यक्रम यथावत राखेका छन् ।

समस्या समाधान नभएसम्म ५१ विगाह क्षेत्रभित्र उम्मेदवारहरूलाई प्रवेश निषेध गर्ने कार्यक्रम अघि बढाएर निर्वाचनको मुखमा कुनै पनि उम्मेद्वारलाई प्रवेश गर्न दिएका छैनन् । उम्मेद्वार मात्र होइन दलका नेता तथा कार्यकर्ता पनि बिर्तामोडस्थित बसपार्क क्षेत्रमा चुनावी अभियान लिएर प्रवेश गर्न उनीहरुले दिएका छैनन् । सङ्घर्ष समितिका सहसचिव शिव पौडेलले आफूहरुले उठाएको जायज माग सम्बोधन नगरी कुनै पनि चुनावी गतिविधि हुन नदिने बताएका छन् । समितिले ५१ विगाह क्षेत्रका चारै किल्लामा 'उम्मेदवार प्रवेश निषेध' लेखिएका बोर्ड समेत टाँसेको बताउँदै राज्यले आफूहरुको माग सुनुवाई नगरे चुनावमा समेत भाग नलिने बताए ।

झापा निर्वाचन क्षेत्र नम्बर २ मा यसपटक नेकपा एमालेबाट निवर्तमान सभामुख देवराज घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट निवर्तमान उपसभामुख इन्दिरा रानामगर, नेपाली कांग्रेसबाट इन्दिरा प्रसाईं र नेपाली कम्युनिष्ट पार्टीबाट धर्मशीला चापागाँई लगायत १८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

२०५२ सम्म अर्जुनधारा-बिर्तामोड क्षेत्रमा रहेको उक्त ५१ विगाह जमिनमा 'नाज टी इस्टेट प्रा.लि.'को चिया बगान थियो । बगानका मालिक सुदर्शन गिरीले जमिन दल-दलयुक्त भएकाले बगान सार्न अनुमति मागेपछि तत्कालीन मन्त्रि परिषद्ले २०५२ जेठ ८ गते बाहुनडाँगी (नक्कलबन्दा) क्षेत्रमा बगान सार्ने स्वीकृति दिएको थियो । पछि वि.सं.२०६० मा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापा र भूमिसुधार मन्त्री सर्वेन्द्रनाथ शुक्ल रहेको मन्त्रिपरिषद्ले पुरानो बगान रहेको ५१ विगाह जमिन बिक्री गर्न स्वीकृति दियो ।

हदबन्दी छुट पाएको जग्गा बिक्री गर्न दिइएको निर्णयबिरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो । तर, २०६५ कात्तिक ७ गते सर्वोच्च अदालतको पूर्ण इजलासले सुदर्शन गिरीबिरुद्धको रिट खारेज गरिदियो ।

अदालतबाट जफत गर्न नपर्ने आदेश आएपछि गिरीले उक्त जमिन 'बिर्तामोड आवास प्रा.लि.'लाई बिक्री गरे । आवास कम्पनीले प्लटिङ गरी बिक्री गरेपछि अहिले त्यहाँ करिब छ सय पक्की घर, दुई सय कच्ची संरचना, एक हजार एक सय ५३ घडेरी, बसपार्क र शैक्षिक संस्था समेत बनेका छन् ।

स्थानीय तहले सो क्षेत्रबाट नियमित राजस्व समेत उठाउँदै आएको छ । नाज टी इस्टेटसँगै गिरीबन्धु टी इस्टेटको तीन सय ४३ विगाह जग्गा पनि सट्टापट्टा गरी बिक्री गर्न तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले अनुमति दिएको थियो । सो निर्णयबिरुद्ध अधिवक्ता ओमप्रकाश अर्याल हालका गृहमन्त्रीले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको इजलासले २०८० माघ २४ गते उक्त निर्णय बदर गरिदियो । फैसलाको बुँदा नम्बर २४ मा नाज टी इस्टेटलाई गिरीबन्धुको 'भगिनी संस्था' उल्लेख गरिएको छ । अदालतले हदबन्दी छुट पाएको जग्गा बिक्री गर्न नमिल्ने र बिक्री भइसकेको भए पनि मान्यता नदिई जग्गावालाकै नाममा कायम रहने आशय व्यक्त गरेपछि मालपोत कार्यालयले ५१ विगाह क्षेत्र समेत रोक्का गरेको स्थानीयको दाबी छ ।

यद्यपि फैसलाको ४५औं पृष्ठमा तेस्रो पक्ष ( सर्वसाधारण)को नाममा हस्तान्तरण भइसकेको जग्गा जफत गर्ने विषयमा तत्काल केही नबोल्नुपर्ने उल्लेख छ । तर, हदबन्दी प्रयोजनका लागि क्षेत्रफल गणनामा ५१ विगाह समेट्न भनिएकै कारण सर्वसाधारणको जग्गा रोक्का भएको पीडितहरूको बुझाइ छ ।

# वीरता जेसीजको अक्षयकोष वृद्धि




**बिर्तामोड, माघ २९।** संस्थाको दीगो आर्थिक सुदृढीकरण र सामाजिक उत्तरदायित्वलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित वीरता जेसीज बिर्तामोडले आयोजना गरेको अक्षयकोष वृद्धि कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा वीरता जेसीजका पूर्व कोषाध्यक्ष अनन्तलाल महतोले आफ्नो जन्मदिनको अवसर पारेर अक्षयकोषका लागि ११ हजार रुपैयाँ सहयोग प्रदान गरेका छन् । उनको योगदानलाई संस्थाप्रतिको प्रतिबद्धता र सामाजिक उत्तरदायित्वको उदाहरणका रूपमा सहभागीहरूले प्रशंसा गरेका थिए ।

कार्यक्रममा निर्मल भट्टराईले अक्षयकोषले संस्थाको भविष्यलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गर्दै उनले वीरता जेसीजले समाजमा खेलेको भूमिकाको समेत चर्चा गरे ।

कार्यक्रममा उद्योग वाणिज्य संघ बिर्तामोडका अध्यक्ष राजु न्यौपाने, संघका पूर्व अध्यक्ष तथा वीरता जेसीजका पूर्व अध्यक्ष घनश्याम चौधरी, औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवन खड्का लगायत विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा वीरता जेसीजका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

यसअघि सोही दिन वीरता जेसीजले 'आफ्नो घर, आफ्नो आश्रम'मा आश्रित फरक क्षमताका अभिभावकहरूलाई खाद्यान्न तथा आवश्यक सामग्री वितरण गरेको थियो । औषधि व्यवसायी संघ झापाका अध्यक्ष जीवन खड्काको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रम जनसम्पर्क अधिकारी अजय चौधरीको संयोजकत्वमा भएको हो ।

कार्यक्रम मार्फत वीरता जेसीजले 'Together We Can' भन्ने मूल भावना अनुरूप संस्थागत स्थायित्व र सामाजिक सेवामा निरन्तर सक्रिय रहने प्रतिबद्धता दोहोर्‍याएको छ । कार्यक्रमको आस्था वाचन सुमन पोद्दारले गरेका थिए भने संयोजन कार्यकारिणी उपाध्यक्ष प्रभात मास्केले गरेका थिए । कार्यक्रम सञ्चालन महासचिव सुबास तिखत्रीले गरेका थिए ।

# भद्रपुर झापा गोल्डकपको दोस्रो साधारणसभा

**भद्रपुर, माघ २९।** भद्रपुर झापा गोल्डकपको दोस्रो साधारणसभा सम्पन्न भएको छ ।

भद्रपुर-८ स्थित मेची रंगशालाको कभर्डहलमा गोल्डकपका अध्यक्ष दिपेश ढकालको अध्यक्षतामा आयोजित साधारणसभाको भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलले उद्घाटन गरेका थिए ।

गोल्डकपका महासचिव जीवनकुमार श्रेष्ठले सञ्चालन गरेको साधारणसभामा अध्यक्ष ढकालले स्वागतसहित अध्यक्षीय मन्तव्य राखेका थिए भने सचिव तीर्थराज ढकालले संस्थागत र सह कोषाध्यक्ष अजय साहेवालाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

अध्यक्ष ढकालले भद्रपुर झापा गोल्डकपले भद्रपुर झापा गोल्डकपको दुईवटा संस्करण भव्य र सफल रुपमा आयोजना गर्नुका साथै झापामा पहिलो पटक अन्तरपालिका जिल्लास्तरीय लिग तथा नकआउट फुटबल प्रतियोगिता आयोजना गरेको बताउँदै आगामी फागुन पहिलो सातादेखि सञ्चालन हुने तेस्रो भद्रपुर झापा गोल्डकपको तयारी पनि शुरु गरिसकिएको जानकारी दिए ।

भद्रपुर झापा गोल्डकपको स्थापना




भएपछि गोल्डकपकै पहल र प्रयासमा मेची रंगशालामा थुप्रै संरचना थपिएको, मैदानको स्तरोन्नति भएको उल्लेख गर्दै अध्यक्ष ढकालले गोल्डकपले ग्रासरुट र महिला फुटबल प्रशिक्षणलाई निरन्तरता दिइरहेको उल्लेख गरे ।

भद्रपुर नगर उपप्रमुख राधा कार्कीको उपस्थिति रहेको साधारणसभामा शुभकामना मन्तव्य राख्दै नगर प्रमुख पोखरेलले नगरपालिकाले भद्रपुर झापा गोल्डकपको संरक्षकत्व गरिरहेकोले यसले आयोजना गर्ने सबै गतिविधिमा नगरपालिकाको उल्लेख्य साथ-सहयोग रहने प्रतिबद्धता पनि जनाए ।

त्यसैगरी झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'ले जीर्ण अवस्थामा रहेको मेची रंगशालालाई अहिलेको अवस्थामा ल्याउन भद्रपुर झापा गोल्डकपले गरेको योगदान अविस्मरणीय रहेको उल्लेख गरे । साधारणसभाले अध्यक्ष, सचिव र कोषाध्यक्षले प्रस्तुत गरेको प्रतिवेदनहरु पारित गरेको महासचिव श्रेष्ठले जानकारी दिए ।


**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

**अब बिर्तामोडमा डा. पितामबर ठाकुर**
MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३ बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३ बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क : यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि. शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**शुद्ध दूधको स्वस्थ उत्पादन कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

**DRISHTI Eye Care System** TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**Ganapati Bakers** Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**UNited International Group UAE मा रोजगारीको अवसर**
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।**
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)